कोशी प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- १९०५

मिति :- वि.सं. २०८२/११/२९

ने.स. :- ११४६ चिल्लागा, १० शुक्रवार

विषय: सूचना टाँस गरिदिने सम्बन्धमा।

श्री स्थानीय तह(सबै), कोशी प्रदेश।

प्रस्तुत सम्बन्धमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी झापाको मिति २०८२।११।२८ मा प्रकाशित **लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी सूचना र निवेदनको ढाँचा** यसै साथ संलग्न रहेको छ। उक्त सूचना सर्वसाधारण सबैको जानकारीका लागि तहाँको सूचना पाटीमा टाँस गरिदिनुहुन तथा वेवसाइटमा समेत प्रकाशित गरिदिनहुन आदेशानुसार अनुरोध छ।

..........................................

(विजय कुमार मगर)

वरिष्ठ शाखा अधिकृत

मिति .......................

श्रीमान् कार्यकारी निर्देशकज्यू,
प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान,
कलवलगुरी, झापा ।

बिषय :- लोकसेवा तयारी कक्षामा सहभागी गराइदिने सम्वन्धमा ।

महोदय,

उपरोक्त बिषयमा त्यस प्रतिष्ठानको मिति २०८२/११/२८ गतेको सूचना अनुसार तहाँ ३० दिनसम्म सञ्चालन हुन लागेको कोशी प्रदेशको चौथो तहको पाठ्यक्रममा आधारित लोकसेवा तयारी कक्षामा सहभागी गराइदिन हुन यो निवेदन पेश गरेको छु । यसै निवेदन साथमा सूचना अनुसारको कागजातहरु संलग्न राखी पठाएको छु ।

निवेदक
हस्ताक्षर
नाम थर
ठेगाना
मोवाइल नं.
जन्म मिति

[प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ द्वारा स्थापित]

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

कोशी प्रदेश, भद्रपुर, झापा

पत्र संख्या :

चलानी नं. :

मिति :२०८२/११/२८

ने.स. ११४६ चिल्लागा-२४

---

## लोकसेवा तयारी कक्षा सञ्चालन सम्वन्धि सूचना

**प्रकाशित मिति : २०८२/११/२८**

यस प्रतिष्ठानको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत प्रदेश प्रशासन सेवाको चौथो तहको पाठ्यक्रममा आधारित ३० दिनको आवासीय लोकसेवा तयारी कक्षा २०८३ बैशाख अन्तिम हप्तादेखि सञ्चालन गर्ने निर्णय भएको हुँदा कोशी प्रदेश भित्र स्थायी वसोवास गर्ने इच्छुक बिद्यार्थीहरुले मिति २०८३/०१/५ गते भित्र तपशिलका कागजात/विवरण सहित निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१. सम्पर्क फोन/मोबाइल नम्बर र ठेगानासमेत स्पष्ट खुलाएको ब्यक्तिगत निवेदन ।

२. आवेदकले कम्तिमा एस.एल.सी./एस.ई.ई. तहको परिक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

३. आवेदकको उमेर र स्थायी बसोबासको ठेगाना खुल्ने सरकारी निकायबाट जारी भएको परिचय पत्रको प्रतिलिपि ।

४. आवेदक पुरुषको हकमा उमेर १८ वर्ष पूरा भई ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

५. कोशी प्रदेश भित्र स्थायी बसोवास खुल्ने कागजात नभएको तर कोशी प्रदेश भित्र स्थायी रुपमा बसोवास गर्नेको हकमा स्थानीय तहबाट स्थायी बसोवासको सिफारिस पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६. अपाङ्ग/अल्पसंख्यक आवेदकले अपाङ्गता/अल्पसंख्यकको परिचय पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. आवेदकले माथि उल्लेखित कागजात सहितको निवेदन मिति २०८३/१/५ गते भित्र prta.loksewatayari@gmail.com मा इमेल मार्फत वा कार्यालय समयमा प्रतिष्ठानमा निवेदन दर्ता गर्नु पर्नेछ ।अन्य इमेल ठेगानमा पठाएको निवेदन दर्ता हुने छैन ।

८. प्राप्त आवेदनबाट छनौट भएका उम्मेद्वारको सूची तयार गर्दा अपाङ्ग, मुस्लिम, मधेशी, थारु, दलित, महिला तथा आदिवासी जनाजातिलाई प्राथमिकता दिइनेछ ।

९. निवेदनको ढाँचा यसै साथ संलग्न रहेको हुँदा सोही बमोजिम निवेदन लेखी पेश गर्नु पर्नेछ ।

१०. म्याद भित्र प्राप्त नभएका तथा कागजात अपुरा भएका निवेदकलाई तयारी कक्षामा समावेश गरिने छैन ।

११. कुनै कुरा अस्पष्ट भएमा बिस्तृत जानकारीको लागि सम्पर्क ब्यक्तिसँग बुझ्न सकिनेछ ।

१२. कक्षा सञ्चालन हुने मिति र समय : आवेदनको मिति समाप्त भएपछि प्रतिष्ठानले प्रकाशन गर्नेछ ।

१३. सम्पर्क ब्यक्ति : सुरेश भट्टराई (मोबाइल नम्बर ९८४२६२६२७०)

(केदार पोखरेल)

शाखा अधिकृत

---

Website : prta.koshi.gov.np

फोन नं. ०२३४५२१०८

०२३४५२०७८

Email : [illegible]@gmail.com